# कोशी प्रदेश प्रहरी कार्यालय
# विराटनगर

आ.व. २०८२/०८३ | मिति: २०८२/०९/०६ गते।

प्रेस विज्ञप्ति नं.: १ | ने.सं. ११४६

## प्रेस विज्ञप्ति

मिति २०८२ साल मंसिर महिनाको प्रगति विवरण

**क.अपराध अनुसन्धान तथा नियन्त्रण तर्फ:**

**१. अपराध दर्ता तथ्याङ्क :**

**१.१ मुद्दा दर्ता प्रकृतिको आधारमा:**

| सामान्य | गम्भिर | जघन्य | अन्य | कुल मुद्दा दर्ता संख्या | कै. |
|---|---|---|---|---|---|
| ३५६ | १९५ | ३० | १९१ | ७७२ | |

**१.२ महिला वालवालिका तथा जेष्ठ नागरिक विरूद्ध सम्बन्धी कसुर दर्ता:**

| महिला वालवालिका तथा जेष्ठ नागरिक विरूद्ध मुद्दा दर्ता संख्या | | | | कुल मुद्दा दर्ता संख्या | कै. |
|---|---|---|---|---|---|
| महिला | वालवालिका | जेष्ठ नागरिक | जम्मा | | |
| २७ | २४ | १ | ५२ | ७७२ | |

**१.३ आर्थिक अपराधका घटना दर्ता:**

| आर्थिक अपराधका मुद्दा दर्ता शिर्षकगत | | | | | कै. |
|---|---|---|---|---|---|
| ठगी | बैंकिङ कसुर | अपराधिक लाभ | अनुचित लेनदेन | जम्मा मुद्दा दर्ता | |
| ११ | ६९ | १ | - | ८१ | |

**२. चालू मुद्दाका प्रतिवादी पक्राउ संख्या:**

| कुल मुद्दा दर्ता | प्रतिवादी पक्राउ | फरार प्रतिवादी | जम्मा प्रतिबादी संख्या | कै. |
|---|---|---|---|---|
| ७७२ | ६१२ | २७६ | ८८८ | |

**३. सार्वजनिक चासो रहेका पेण्डिङ्ग मुद्दाको सफल अनुसन्धान:**

| सि.नं. | जिल्ला | घटना मिति/ समय | घटनाको छोटकरी विवरण र उपलब्धी | कै. |
|---|---|---|---|---|
| १. | भोजपुर | २०७४।०४।१९ गते अं.०१:३० वजे | जिल्ला भोजपुर भोजपुर नगरपालिका वडा नं. ६ देउराली टोल स्थितमा बस्ने (तत्काल वर्ष ४५) हाल वर्ष ५३ को नारदमणी राईले आफ्नै श्रीमती वर्ष ४५ की अम्बिका श्रेष्ठ (राई) लाई कुटपिट गरी कर्तव्य गरी मारेको ज्यान सम्बन्धी कसुर मुद्दामा घटना पश्चात् भागी फरार रहेका निज प्रतिवादी ८ वर्ष पश्चात् मिति २०८२/०८/२४ गते जिल्ला मोरङ बेलबारी नगरपालिका वडा नं. १ बाट पक्राउ गरी आवश्यक अनुसन्धान कार्य भईरहेको। | |

प्र.व.उ.

| | | | | |
|---|---|---|---|---|
| २. | संखुवासभा | २०७८/०५/१९ गते अं. २०:५० वजे | जिल्ला संखुवासभा चिचिला गा.पा. वडा नं. १ पात्ले स्थित कोशी राजमार्गमा निर्माणाधीन अरुण तेस्रो जल विद्युत् आयोजना अन्तर्गत आम्प्राङ भन्ने ठाउँबाट खाँदबारी तर्फ चालक जिल्ला मोरङ बेलबारी न.पा. वडा नम्बर ६ बस्ने जनक पाण्डेले चलाई ल्याएको प्रदेश नं. १-०२-००१ ख ८०८३ नम्बरको मिनी ट्रक अचानक दुर्घटना हुँदा चालक जनक पाण्डेको घटनास्थलमानै मृत्यु भएको सवारी ज्यान मुद्दाको अनुसन्धानको क्रममा वारदात पश्चात् फरार रहेका सवारी धनी जिल्ला सुनसरी इनरुवा न.पा.०७ हाल जिल्ला संखुवासभा खादबारी न.पा. वडा नं. ०८ बस्ने धिरज चौधरीलाई मिति २०८२/०८/०६ गते पक्राउ गरी आवश्यक अनुसन्धान कार्य भएको। | |

**४. सम्पत्ति सुद्धिकरण सम्बन्धी मुद्दा दर्ताको तथ्याङ्क:** मुद्दा दर्ता नभएको

**५. फैसला कार्यान्वयनको तथ्याङ्क:**

| फरार पक्राउ (जना) | कैद जरिवाना(बर्ष-महिना-दिन) | नगद जरिवाना | कै. |
|---|---|---|---|
| २१६ | १३७ बर्ष ४ महिना २१ दिन | २,६८,३३,५७८/- | |

**६. महिला वालवालिका तथा जेष्ठ नागरीक तर्फ:**

| घरेलु हिंसा उजुरी संख्या | पीडित संख्या | पीडक संख्या | उमेर समूह अनुसार संख्या | | | उमेर विश्लेषण प्रतिशत | |
|---|---|---|---|---|---|---|---|
| | | | उमेर समूह | पीडित | पीडक | पीडित | पीडक |
| १०९ | १०९ | ११८ | ०-१८ | - | २ | ०% | १.६९% |
| | | | १८-२५ | ३७ | २१ | ३३.९४% | १७.७९% |
| | | | २६-४० | ५९ | ६८ | ५४.१२% | ५७.६२% |
| | | | ४१-५९ | ८ | २४ | ७.३३% | २०.३३% |
| | | | ६० माथी | ५ | ३ | ४.५८% | २.५४% |
| जम्मा | | | | १०९ | ११८ | १००% | १००% |

**७. हराएका तथा फेला परेका महिला, पुरूष, वालवालिका तथा जेष्ठ नागरिक:**

| विवरण | महिला | पुरुष | बालक | बालिका | जे.ना | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | पुरुष | |
| मंसिर महिनामा हराएका | ११४ | ५७ | ४० | ६४ | ३ | १२ | २९० |
| मंसिर महिनामा कुल फेला परेका | १६८ | ७७ | ३३ | ७८ | २ | ७ | ३६५ |
| मंसिर महिनामा हराई मंसिर महिनामै फेला परेका | ७० | २६ | १८ | ४२ | १ | ४ | १६१ |

**८. घरेलु हिंसा तर्फ:**

**८.१ जिल्लागत घरेलु हिंसाको प्रकृति अनुसार उजुरी संख्या:**

| शारिरीक मानसिक यातना | पारिवारीक कलह | मादक पदार्थ सेवन | जम्मा उजुरी संख्या | कै. |
|---|---|---|---|---|
| ६५ | २६ | १८ | १०९ | |



प्र.व.उ.

### ८.२ मिलापत्र गराईएको/ अदालत पठाइएको संख्या:

| कुल उजुरी संख्या | मिलापत्र गरिएको संख्या | अदालत पठाईएको संख्या | काम बाँकी संख्या | कै. |
|---|---|---|---|---|
| १०९ | ९२ | १ (इलाम) | १६ | |

### ८.३ स्थानीय तहको आधारमा तथ्याङ्क विश्लेषण:

| कुल उजुरी संख्या | स्थानीय तह अनुसार उजुरी संख्या | | | | कै. |
|---|---|---|---|---|---|
| | गा.पा. | न.पा. | उ.म.न.पा. | म.न.पा. | |
| १०९ | ३६ | ४१ | ९ | २३ | |

### ९. ठाडो उजुरी तर्फ:

| विवरण | उजुरी संख्या | मिलापत्र संख्या | काम बाँकी संख्या | कै. |
|---|---|---|---|---|
| प्रत्यक्ष रूपमा प्रहरी कार्यालयमा परेका उजुरी | १,३८१ | १,२८५ | ९६ | |
| जिल्ला प्रशासन मार्फत प्राप्त भएका उजुरी | २४१ | २१० | ३१ | |
| जम्मा उजुरी संख्या | १,६२२ | १,४९५ | १२७ | |

### १०.लागू औषध बरामद (परिमाण र पक्राउ) को तथ्याङ्क:

| लागू औषधको किसिम | बरामद परिमाण | मानिस पक्राउ | सवारी साधन पक्राउ | कै. |
|---|---|---|---|---|
| गाँजा (किलोग्राम) | ३,४४० केजी ११७ ग्राम | ३१ | १३ | |
| ब्राउन सुगर (ग्राम) | ५५९ ग्राम ५२० मि.ग्राम | ११३ | ११ | |
| बिभिन्न मनोद्विपक चक्की/क्याप्सुल | ३२,२४० | ३८ | ३ | |
| बिभिन्न मनोद्विपक सुई (एम्पुल) | १६१ | ४ | - | |

### ११.आत्महत्या तर्फ:

### ११.१ कुल आत्महत्या संख्या र आत्महत्या गर्दा अपनाईने विधिको आधारमा विश्लेषण:

| अपनाईने विधी (संख्या) | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| झुन्डिएर | बिष खाएर | हाम फालेर | आगो लगाई | हातहतियार औजार | अन्य | |
| १२१ | १८ | - | २ | - | - | १४१ |

### ११.२ लिङ्ग अनुसार विश्लेषण:

| लिङ्ग | | | जम्मा | कै. |
|---|---|---|---|---|
| महिला | पुरूष | अन्य | | |
| ५५ | ८२ | ४ | १४१ | |

प्र.व.उ.

### ११.३ उमेर समूह अनुसार विश्लेषण:

| उमेर समूह (मृतक संख्या) | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| ०-१६ | १६-२५ | २६-३५ | ३६-४५ | ४६-६० | ६० वर्ष माथि | |
| ६ | ४४ | २६ | २७ | २३ | १५ | १४१ |

### १२.गत महिनामा घटेका मुख्य अपराध तथा अनुसन्धानको संक्षिप्त विवरण:

| सि.नं. | जिल्ला | घटना मिति/ समय | घटनाको छोटकरी विवरण र उपलब्धी | कै. |
|---|---|---|---|---|
| १. | झापा | २०८२/०८/२५ गते अ.१३:०० वजे | जिल्ला झापा कचनकवल गा.पा. वडा नं. २ बस्ने लोकनाथ भट्टराईले अपाङ्गता ४८ वर्षे महिला (जन्मजात कान नसुनने, बोलि नभएको) लाई माइतीघर पुऱ्याई दिन्छु भनी घरमा कोही नभएको वेला सवारीमा हालि आफ्नै घर कोठामा लगि बन्धक बनाई जबरजस्ती करणी गरेकोमा निजलाई सोही दिन पक्राउ गरी थप अनुसन्धान भईरहेको । | |
| २. | मोरङ | २०८२/०७/०७ गते अ. १३:०० वजे | मिति २०८२।०६। २१ गते अपरान्ह २ वजे कोही कसैलाई जानकारी नगराई अंशु गौतम घरबाट आफुखुशी हिडि घर फर्की नआएपछि भोली पल्ट उनका बुबा नबिन गौतमले छोरी हराएको भनि खोजतलासको लागी इलाका प्रहरी कार्यालय लेटाङमा हुलिया निवेदन दिएका थिए सोही क्रममा खोज तलास गर्ने क्रममा कार्तिक ७ गते लेटाङ-२ स्थित बेलबारी चिसाङ साझेदारी वनमा पहिचान नभएको सडिगलेको अवस्थामा कम्वर भन्दा तल र टाउको मात्र रहेको लाश फेला परेकोमा लाश सनाखत भई अनुसन्धान गर्दै जाँदा घटनाको करिव २ महिना पछि जिल्ला प्रहरी कार्यालय मोरङले हत्यामा संलग्न रहेका लेटाङ-२ का ५९ बर्षीय पदम बहादुर अधिकारीलाई मंसिर १९ गते पक्राउ गर्न सफल । | |
| ३. | मोरङ | २०८२/०८/२५ गते | विशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय रंगेलीबाट खटिएको प्रहरी टोलीले रंगेली नगरपालिका-८ स्थित खेतमा रहेको रुख मुनी परालले छोपी लुकाई छिपाई राखेको अवस्थामा (२९ बोरा) ९ सय २१ किलो ६६ ग्राम गाँजा बरामद गर्न सफल, थप अनुसन्धान भई ओसार पसारमा संलग्न व्यक्तिहरूको खोजी कार्य भईरहेको । | |
| ४. | मोरङ | २०८२/०८/१६ गते | मोरङको धनपालथान गाउँपालिका-१ गडेरीयामा प्रहरी चौकी गडेरीयाबाट खटिएको प्रहरी टोलीले बेवारिसे अवस्थामा रहेको प्रतिबन्धित औषधी ट्रामोल २९ हजार ६ सय ८० क्याप्सुल प्रहरीले बरामद गरेको छ। लागु औषध बरामद भए सँगै ओसार पसारमा संलग्न व्यक्तिको खोजतलास तथा थप अनुसन्धान भईरहेको। | |
| ५. | मोरङ | २०८२/०८/२१ गते | मोरङको रतुवामाई नगरपालिका-१ स्थितबाट इलाका प्रहरी कार्यालय सिजुवाबाट खटिएको प्रहरी टोलीले प्र.१-०१-००१ख ३८२५ नम्बरको ट्रकलाई चेकजाँच गर्दा उक्त ट्रकमा फल्स डाला जोडी लुकाई छिपाई राखेको अवस्थामा ६७८ किलोग्राम लागु औषध गाँजा बरामद गरि २ जनालाई नियन्त्रणमा लिएको। | |



प्र.व.उ.

| | | | | |
|---|---|---|---|---|
| ६. | सुनसरी | २०८२/०६/२५ गते अ. १७:२० वजे | जिल्ला सुनसरी रामधुनी न.पा. वडा नं. २ बस्ने वर्ष अ. ४५ को दिनेश कुमार चौधरीको गोलि प्रहार गरी हत्या भएकोमा मिति २०८२/०८/१७ गते हत्यामा संलग्न रामधुनी नगरपालिका १ का ४३ वर्षीय राजेश भन्ने राजकिशोर साह, ४० वर्षीय नन्द किशोर साह, भोक्राहा नरसिंह गाउँपालिका ५ का ३४ बर्षीय मोहमद इब्रान मिया, देवानगन्ज गाउँपालिका ४ का ३७ वर्षीय गियास मन्सुरी, देवानगन्ज ५ का २५ वर्षीय मिथलेश यादव, सप्तरी राजविराज नगरपालिका १६ का २८ वर्षीय अंकित साह र राजधिराज ९ का २८ वर्षीय प्रिन्स कुमार दास सहित ७ जना व्यक्तिहरूलाई पक्राउ गर्न सफल। | |
| ७. | सुनसरी | २०८२/०८/०१ गते | सुनसरीको इटहरी उप-महानगरपालिका-१२ स्थितबाट जिल्ला प्रहरी कार्यालय भोजपुर, इलाका प्रहरी कार्यालय इटहरी र प्रहरी चौकी खनारबाट खटिएको प्रहरी टोलीले नसिव फार्मेसी सञ्चालक ५० वर्षीय नसिव नारायण चौधरीको घर खानतलासी गर्दा प्लास्टिकको बोरामा लुकाई छिपाई राखेको प्रतिबन्धित औषधी ट्रामाडोल १९ हजार ८०० क्याप्सुल र नियन्त्रित औषधी डिकोलिक ४ हजार ट्याब्लेट बरामद गरी श्रीमती सम्झना चौधरी समेतलाई पक्राउ गर्न सफल। | |
| ८. | इलाम | २०८२/०८/११ गते अ. १७:०० वजे | जिल्ला इलाम इलाम नगरपालिका वडा नं. ७ स्थित छिरिङ दोर्जे लामाले लागु औषध (खैरो हिरोइन) विक्री वितरण गर्ने सूचनाको आधारमा प्रहरीले कोठा तथा मानिसको खानतलासी गर्दा जिल्ला इलाम इलाम नगरपालिका वडा नं. ७ बस्ने छिरिङ दोर्जे लामा, ऐ. वडा नं. ६ बस्ने केशव दाहाल, ऐ.ऐ. बस्ने मौसम राई र ऐ. वडा नं. ५ बस्ने सौरभ लुङ्गेली मगर समेतलाई फेला निजहरूको साथबाट प्लास्टिक सहित ९.६०० ग्राम, प्लास्टिक बाहेक ८.०७० ग्राम लागु औषध (खैरो हेरोइन) तथा विभिन्न दरको नगद रु. ७१,४००। - मोबाइल थान ३ समेत बरामद गर्न सफल, थप अनुसन्धान भईरहेको। | |
| ९. | इलाम | २०८२/०८/१५ गते अ.१२:०० वजे | जिल्ला इलाम सूर्योदय नगरपालिका वडा नं.१० आरु बोटे स्थितमा अभियुक्त भेषराज घिमिरले जिल्ला इलाम सूर्योदय न.पा.वडा नं.१० आरुबोटे बस्ने वर्ष ४६ को बुद्धबीर शेर्माको नाबालक भतिज आशिष शेर्मालाई ४ दिन सम्म आफ्नो घर जान नदिई धाकधम्की दिदै डर त्रासमा पारी बन्धक बनाएको हुँदा निज भेषराज घिमिरेलाई पक्राउ गरी थप अनुसन्धान भईरहेको। | |
| १०. | इलाम | २०८०/०८/१० गते अ.१४:०० वजे | जिल्ला इलाम, माङसेवुङ गा.पा. वडा नं.२ इभाङ स्थित ढुङ्गाको ओडारमा मिति २०८०।०८।१० गते दिनको अ.१४:००वजेको समयमा र सो पछि पटक पटक वर्ष १४ की साङ्केतिक नाम ०८२/०८३ मङ्गलबारे २८ लाई जबरजस्ती करणी गरी गर्भवती समेत बनाउने निजकै जेठा मामा साङ्केतिक नाम ०८२/०८३ मङ्गलबारे -२९ लाई पक्राउ गरी थप अनुसन्धान भईरहेको। | |



प्र.व.उ.

| | | | | |
|---|---|---|---|---|
| ११. | धनकुटा | २०८२।०८।२६ गते अ. २३:०० वजे | धनकुटा नगरपालिका वडा नं.७ बसपार्क स्थित नानुको होटल एण्ड लजमा लागू औषधको कारोबार तथा खरिद बिक्री भईरहेको अवस्थामा साँगुरीगढी गाउँपालिका वडा नं.१, तेम्वाङ बस्ने बर्ष २० को अनिश राई, ऐ. वडा नं.१५ महादेवचोक बस्ने वर्ष २० की युनिषा तामाङ, ऐ. ६ नास्लचोक बस्ने वर्ष १९ को मौसम खड्गी, ऐ.ऐ. बस्ने वर्ष १८ को सोनम तामाङ, ऐ. वडा नं.९, बेलहारा बस्ने बर्ष अं. १८ को राकेश भन्ने डम्वर राई र जिल्ला मोरङ, रतुवामाई नगरपालिका वडा नं.६, सौठा बस्ने वर्ष १९ को सन्जय मगर समेतलाई स्पास्पेन १८० ट्यावलेट, ट्रामोल २०० क्याप्सुल, डिकोलिक १८ ट्याब्लेट सहित पक्राउ गर्न सफल । | |
| १२. | पाँचथर | २०८२/०८/२९ गते | पाँचथरको फाल्गुनन्द गाउँपालिका-६ खामेलकका ३६ वर्षीय प्रेमराज आङदेम्बेलाई घरमा सामान्य बाद विवादको क्रममा छुरी प्रहार गरी हत्या गरेको आरोपमा सोही स्थानका ८२ वर्षीय वर्ण सिंह आङदेम्बेलाई प्रहरीले पक्राउ गर्न सफल । | |
| १३. | पाँचथर | २०८२/०७/०९ गते अ.१५:२५ वजे | जिल्ला पाँचतर मिक्लाजुङ गा.पा. वडा नं. ८ भदौरे स्थित साइन बहादुर सिङगकको वारीमा ऐ.ऐ. बस्ने वर्ष ५२ को बखत बहादुर सिङगक लिम्बुले घरायसी विवादका कारण आवेशमा आई आफ्नै घरमा रहेको भरुवा बन्दुकले आफ्नै छोरा वर्ष १९ को सफल सिङ्गक लिम्बुलाई गोलि हानि हत्या गरेको हुँदा निजलाई पक्राउ गरी अनुसन्धान पश्चात् २०८२/०८/०२ गते सम्मानित अदालतको आदेशले पुर्पक्षको लागि कारागार चलान । | |
| १४. | पाँचथर | २०८२/०७/१५ गते अ.२०:०० वजे | जिल्ला पाँचथर हिलिहाङ गा.पा. वडा नं. १ फेदापा स्थितमा ऐ.ऐ. बस्ने वर्ष ६९ को युवराज राईलाई ऐ. बस्ने निजकै छोरा वर्ष ३१ को सन्देश राईले लाठी, दाउरा र बियरको बोतलले शरीरको विभिन्न भागमा प्रहार गरि हत्या गरेको हुँदा निजलाई पक्राउ गरी अनुसन्धान पश्चात् मिति २०८२/०८/०७ गते सम्मानित अदालतको आदेशले पुर्पक्षको लागि कारागार चलान । | |
| १५. | ताप्लेजुङ | २०८२ साल असार महिना देखी पटक पटक | साङ्केतिक वतन ०१-१-ग स्थित बस्ने फरक क्षमता भएकी वर्ष १७ की साङ्केतिक नाम (ज) लाई सोही स्थान बस्ने वर्ष अ.३० को राई साईला भन्ने याकुम साङपाङले पटक पटक ज.ज.क. गरी ५ महिनाको गर्भवती बनाएको हुँदा निजलाई मिति २०८२/०८/२७ गते पक्राउ गरी थप अनुसन्धान भईरहेको । | |
| १६. | तेह्रथुम | २०८२/०७/१३ गते अ.१४:०० वजे | परिवर्तित ठेगाना ०६-०५५-०३ स्थित ऐ. बस्ने वर्ष १७ की परिवर्तित नाम फेदाप (E-1) लाई जि. तेह्रथुम फेदाप गाउँपालिका वडा नं. ३ बस्ने वर्ष ३० को प्रविन तामाङले ज.ज.क. गरेको हुँदा निजलाई पक्राउ गरी अनुसन्धान पश्चात् पुर्पक्षको लागि मिति २०८२/०८/०८ गते कारागार पठाइएको । | |

प्र.व.उ.

| | | | | |
|---|---|---|---|---|
| १७. | भोजपुर | २०८२/०८/१२ अं.१४:३० वजे | जिल्ला भोजपुर भोजपुर नगरपालिका वडा नं.१२ टक्सार पैयापानी स्थितमा ऐ.बस्ने संजित राईले हातहतियारमा प्रयोग हुने खरखजाना बारुद लुकाई छिपाई राखेको छ भन्ने गोप्य सूचनाको आधारमा मिति २०८२।०८।१२ गते ऐ. टक्सार पैयापानी स्थितमा निज सञ्जित राईको घर कोठामा गई खानतलासी गर्दा पाली घरमा पहेँलो रङ्गकोको प्लास्टिकको बोरामा बाँधी लुकाई छिपाई राखेको बारुद जस्तो देखिने धुलो पदार्थ बोरा सहित तौल गर्दा ९८० (नौ सय असी) ग्राम बोरा बाहेक तौल गर्दा ९१० ग्राम र केही ठुलो आकारको धातु-२ समेत फेला पारी बरामद गरी निज सञ्जित राई लाई पक्राउ गरी यस कार्यालयमा ल्याई म्याद थप गरी अनुसन्धान कार्य भई रहेको। | |
| १८. | संखुवासभा | २०८२/०८/०९ गते अ.२२:३० वजे | जिल्ला संखुवासभा मादी नगरपालिका वडा नं.-४ ओखरबोटे बजारबाट प्रेम दोर्ची शेर्पा र निजको श्रीमती वर्ष ३७ कि मिना शेर्पा घर फर्कने क्रममा बाटोबाटै मेरो श्रीमती आफूखुसी बेपत्ता भएको भनि खोज तलासको लागि निवेदन दिएकोमा खोजतलास तथा अनुसन्धान गर्ने क्रममा बजारबाट फर्कने क्रममा श्रीमान श्रीमती बिच सामान्य विषयमा विवाद भई श्रीमतीलाई बाटोमा नै कुटपिट गरि हत्या गरि मादी नगरपालिका वडा नं.-३ स्थित आफ्नै अलैँची बारीमा लासलाई त्रिपालमा बेरी खाडल खनि गाडेको अवस्थामा मिति २०८२।०८।२७ गते फेला पारि निज प्रतिवादीलाई तत्काल पक्राउ गरी थप अनुसन्धान भईरहेको। | |
| १९. | खोटाङ | २०८२/०८/१९ गते अ.१४:०० वजे | साङ्केतिक वतन ०८२।०८३ जिल्ला बारा स्थित जाहेरवाला साङ्केतिक नाम १६ लाई ऐ.ऐ. बस्ने वर्ष ५१ को विपिन कुमार राईले पटक पटक ज.ज.क गरी प्रतिवादी फरार रहेकोमा मिति २०८२।०८।२४ गते निजको घर वतनबाट पक्राउ गरी थप अनुसन्धान भईरहेको। | |
| २०. | ओखलढुंगा | २०८२/०५/०६ गते | जिल्ला ओखलढुंगा सिद्धिचरण न.पा. ७ बस्ने वर्ष ५७ को दातेम्वा शेर्पाले वर्ष २२ की (साङ्केतिक नाम) टलाई जबरजस्ती करणी गरेको कसुरमा मिति २०८२/०७/२२ गते पक्राउ गरी अनुसन्धान पश्चात् मिति २०८२/०८/१५ गते सम्मानित अदालतको आदेशले पुर्पक्षको लागि कारागार चलान गरिएको। | |
| २१. | सोलुखुम्बु | २०८२/०८/१९ गते अं. १८:०० वजे | जिल्ला सोलुखुम्बु सोलुदुधकुण्ड न.पा. ६ मिड सोलु हाइड्रोपावर जाने वाटोमा वर्ष २८ को विशाल भुजेलले जन्मजात फरक क्षमता भएकी वर्ष १५ की परिवर्तित नाम सोलुखुम्बु ६B (०८२/०८३) लाई आफूले चलाएको ट्याक्टरमा चढाई लगि जबरजस्ती करणी गरेको हुँदा निजलाई सोही दिन पक्राउ गर्न सफल। | |

प्र.व.उ.

**१३.अपराध न्यूनिकरणका लागि भएका प्रयासहरू:**

- पीडित पुन: भेटघाट, समुदाय प्रहरी साझेदारी, अपराध नियन्त्रण तथा अनुसन्धान, जघन्य तथा गम्भिर प्रकृतिका पेण्डिङ मुद्दाको मिसिल अनुसन्धान, लागू औषध गाँजा/अफिम खेती फडानी, सिमावर्ती अपराध चोरी निकासी पैठारी नियन्त्रण र अपराध अनुसन्धान प्रभावकारी बनाउने कार्य योजना निर्माण गरी मातहत सबै मुद्धा चल्ने प्रहरी कार्यालयहरूमा कार्यान्वयन गरिएको,
- लागु-औषध, मानव बेचबिखन, घरेलु हिंसा लगायतका अपराध न्यूनीकरणका लागि समुदायस्तरमा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिएको,
- Major Crime Hotspot नक्साकन गरी अपराध रोकथामको लागि मातहतलाई निर्देशन दिएको,
- बालिका खोजतलासको लागि प्रहरी निरीक्षकको नेतृत्वमा प्रत्येक जिल्ला प्रहरी कार्यालयमा खोजतलास समिति गठन,
- जिल्ला प्रहरी कार्यालयमा सि.प्र.अ को कमाण्डमा फरार प्रतिवादी पक्राउ समन्वय डेक्स गठन गरी कार्यान्वयन,
- Gen-Z को आन्दोलनको क्रममा प्रहरीबाट लुटिएका हातहतियार खोजतलासको लागि ने. प्र. प्र.का. धरान सुनसरी र जि.प्र.का. झापामा प्र.ना.उ.को कमाण्डमा समिति गठन भई कार्यान्वयन,
- पेण्डिङ मुद्धा अनुसन्धान कार्ययोजना (एक अधिकृत एक मिसिल),
- सीसीटीभी, डिजिटल निगरानी तथा प्रविधिको उपयोग,
- स्थानीय फरक फरक भाषामा जिङ्गल,
- गोप्य सूचना संकलन,
- अपराधीहरूको प्रोफाइल तयार गरी निगरानी राख्ने कार्य भइरहेको,
- समुदाय-प्रेरित प्रहरी सेवा।

**१४.अनुचित लेनदेन नियन्त्रणमा प्राप्त भएको सफलता**: नभएको

## ख. शान्ति सुरक्षा तथा प्रहरी कारवाही तर्फ:

**१. नियमित प्रहरी परिचालन तथ्याङ्क:**

| परिचालन | पिकेट | चेकिङ्ग | ग्रामिण गस्ति | LRP | SRP | गाडी मोवायल | जम्मा |
|---|---|---|---|---|---|---|---|
| ड्युटी संख्या | १०,६८६ | ५,०७३ | ५,४८० | ५४ | १७,१८८ | १४,९८७ | ५३,४६८ |
| प्रहरी परिचालन संख्या | २८,३४३ | १६,९०२ | १६,९५९ | ४१५ | ४४,८६४ | ५४,९४० | १,६२,४२३ |

**२. विशेष परिस्थितीहरूमा परिचालित जनशक्तिको शिर्षकगत संख्या तथा प्रगति विवरण:**

| परिचालन | बन्द | चक्काजाम | आन्दोलन | हड्ताल | मेलापर्व/ जात्रा | मुर्ति विसर्जन | कन्सर्ट | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | १६ | १ | ३३ | - | ६८ | - | १४ | ४८ | १८० |
| प्रहरी परिचालन | २६७ | ७ | ७०६ | - | १,१३५ | - | १९८ | १,०४८ | ३,३६१ |



प्र.व.उ.

### ३. प्रहरी परिचालनको कारण:

| परिचालन हुने कारण | परिचालन भएको पटक | प्रहरी परिचालन संख्या | कै. |
|---|---|---|---|
| सरकारी कार्यालयहरू | २ | १५ | |
| संघसंस्था | ५ | ३९ | |
| राजनैतिक | ४२ | ७०० | |
| सामाजिक विषयवस्तु | ३ | ३० | |
| विद्यालय व्यवस्थापन समिति | २ | १५ | |
| खेलकुद | २५ | ३१० | |
| अन्य | ३७ | १,०८४ | |
| जम्मा | ११६ | २,१९३ | |

### ४. प्रहरी परिचालन तथा विभिन्न प्रहरी कारवाहीको क्रममा मानविय र भौतिक क्षतिको विवरण: नभएको

### ५. सवारी दुर्घटना तर्फ:

#### ५.१ दुर्घटना संख्या, मानिस मृत्यु घाइते र उद्दार:

| कुल दुर्घटना संख्या | दुर्घटनामा संलग्न सवारी साधन संख्या | मानिस मृत्यु | मानिस घाईते | प्रहरी द्वारा उद्दार गरिएको संख्या | कै. |
|---|---|---|---|---|---|
| ५८१ | ८६२ | ३२ | ९७९ | ९७९ | |

#### ५.२ सवारी दुर्घटनाको कारण विश्लेषण ईत्यादी:

| चालकको लापरवाही | सवारी साधनको अवस्था | यात्रुको कारण | सडकको अवस्था | मौषमको अवस्था | चौपायको कारण | अन्य | जम्मा दुर्घटना संख्या |
|---|---|---|---|---|---|---|---|
| ४६५ | २३ | ५५ | ३१ | ४ | ३ | - | ५८१ |
| ८०% | ४% | ९.५% | ५.३% | ०.७% | ०.५% | - | |

#### ५.३ चेकिङको क्रममा गरिएको कारवाही संख्या तथा राजस्व दाखिला रकम:

| कुल चेकिङ संख्या | कारवाही गरिएको सवारी साधन संख्या | राजश्व संकलन रू | कै. |
|---|---|---|---|
| ४,०४० | ८,३३८ | ८४,४४,०००/- | |

### ६. अवैध हातहतियार तथा गोलिगठ्ठा बरामद तथ्याङ्क:

| मुद्दा दर्ता | मानिस पक्राउ | लामो | | छोटो | | भरूवा बन्दुक | बिष्फोटक पदार्थ बरामद विवरण |
|---|---|---|---|---|---|---|---|
| | | हतियार | ऐ. को गोली | हतियार | ऐ. को गोली | | |
| ३ | ३ | - | १ | - | - | ३ | • बारुद ०.९१० ग्राम<br>• छर्रा २ थान |

प्र.व.उ.

### ७. राजश्व चुहावट तथा भन्सार छली नियन्त्रण तर्फ:

| भन्सार छली मुल्य रू | आन्तरिक राजश्व बुझाएको मुल्य | जम्मा राजश्व संकलन (रू,) | मानिस पक्राउ | सवारी पक्राउ |
|---|---|---|---|---|
| ८८,३७,९५१/- | ५१,९२,९००/- | १,४०,३०,८५१/- | १४ | १५ |

### ८. विपद् व्यवस्थापन तर्फ:

| सि.नं. | विपदको प्रकार | घटना संख्या | मानिस मृत्यु | मानिस घाईते | प्रहरीद्वारा उद्दार | क्षति अ.मु.रू | प्रहरी परिचालन |
|---|---|---|---|---|---|---|---|
| १. | बाढी पहिरो | १ | - | - | - | - | ३ |
| २. | आगलागि | १४६ | १ | १६ | ६ | ९,०८,६२,०००/- | ७७५ |
| ३. | जंगलि जनावरको आक्रमण | २१ | १ | ३ | २ | ३४,००,५००/- | ९८ |
| जम्मा | | १६८ | २ | १९ | ८ | ९,४२,६२,५००/- | ८७६ |

**८.३ स्थानीय तह वा जिल्ला प्रशासन कार्यालय मार्फत राहत उपलब्ध गराएको विवरण:**

- जिल्ला पाँचथर तुम्बेवा गाउँपालिका वडा नं. ३ चित्रे मादिबुङमा मिति २०८२ असोज १९ गतेको बाढी पहिरोमा परि क्षति भएका १० घरधुरीहरूलाई मिति २०८२/०८/१४ गते तुम्बेवा गाउँपालिकाको कार्यालय मौवा पाँचथरले प्रति घरधुरी डबल साइजको मोटो ब्लाङकेट २ थान, डबल साइजको पातलो ब्लाङकेट २ थान, ठुलो साइजको तौलिया २ थान, स्यानिटरी प्याड १२ प्याकेट, लुगा धुने साबुन १० थान, नुहाउने साबुन १० थान, टुथ पेस्ट २ थान, दात माइने ब्रस ५ थान र जेब्रा झोला १ थान गरी अं. ६३,५४०/- बराबरको राहत सामाग्री वितरण गरेको।

### ९. अवैध मदिरा नियन्त्रण तथा नष्ट तर्फ:

- जिल्ला प्रहरी कार्यालय झापाद्वारा चुलबुल लेखिएको रक्सी – २०० काटुन, गोर्खा बियर- १५० काटुन र १० बतल सिक्किमे रम नियन्त्रणमा लिई भन्सार दाखिला गरिएको।
- घरेलु मदिरा नष्टः अन्दाजि ५० लि. (अ.म.रु, ११,०००/- बराबर)

### १०.प्राकृतिक सम्पदा दोहन नियन्त्रण तर्फ प्राप्त उपलब्धीहरू:

| राजश्व संकलन रू, | मानिस पक्राउ | सवारी साधन पक्राउ |
|---|---|---|
| ३,१७,५००/- | ५ | १५ |

### ११.अवैध पशुपंक्षीहरूको चोरी पैठारी नियन्त्रण तर्फ हासिल भएका उपलब्धीहरू:

| बरामद सवारी साधन | बरामद पशुपंक्षीको विवरण | बुझाएको कार्यालय | राजश्व संकलन रू, |
|---|---|---|---|
| - | ३४ सुंगुरको बच्चा | भन्सार कार्यालय पशुपतिनगर | ३४,०००/- |
| - | बोईलर कुखुरा १५ वटा, अं.४५ केजी (अ.मु.रू १२,५००/-) | खाल्डोखनि नष्ट (मोरङ) | - |
| - | माछा ४१७ के.जि. (अ.मु.रू, १,५०,०००/-) | खाल्डोखनि नष्ट (झापा) | - |

### १२.अवैध वन पैदावर चोरी पैठारी नियन्त्रण तर्फ प्राप्त उपलब्धीहरू:

| राजश्व संकलन रू, | मानिस पक्राउ | परिमाण (क्यु.फिट) | अखेटोपहार |
|---|---|---|---|
| ७२,०००/- | ३ | ७१.१०६ (धनकुटा) | - |



प्र.व.उ.

**१३.सामुदाय तथा विद्यालय केन्द्रित कार्यक्रम तर्फ:**

| कार्यक्रम | कार्यक्रम संख्या | स्थान संख्या | लाभान्वित संख्या | कै. |
|---|---|---|---|---|
| लागू औषध | १०१ | १०१ | ३,७४२ | |
| आत्महत्या | ४९ | ४९ | १,३१३ | |
| महिला हिंसा | ३९ | ३९ | १,२२९ | |
| पीडित पुन:भेटघाट | २२ | २२ | ४३ | |
| जेष्ठ नागरिक विरूद्ध | १८ | १८ | ४२३ | |
| विपद | ४ | ४ | ७९ | |
| वालविवाह | २४ | २४ | १,२६३ | |
| बालश्रम विरूद् | ११ | ११ | ६४९ | |
| जातिय भेदभाव तथा छुवाछुत | ५ | ५ | ११५ | |
| नागरिक सुनुवाई | ४ | ४ | २२७ | |
| साईवर अपराध | १०९ | १०९ | ४,११२ | |
| ट्राफिक सचेतना | ३१ | ३१ | ७३२ | |
| अन्य | ५७४ | ५७४ | २४,००७ | |
| **जम्मा** | ९९१ | ९९१ | ३७,९३४ | |

**१३.१ एकमुष्ट विद्यालय सचेतनामुलक कार्यक्रम:**

| शिर्षकगत कार्यक्रम | आयोजना गरेको विद्यालय संख्या | लक्षित उमेर समूह | सहभागि भएका कक्षाहरू | सहभागि विद्यार्थी संख्या |
|---|---|---|---|---|
| आत्महत्या | ६ | ७-२० | ७-१० | २२९ |
| घरेलु हिंसा | ९ | ७-२० | ७-१० | ५२६ |
| जेष्ठ नागरिक विरूद्ध | ६ | ७-२० | ६-१० | १०३ |
| ट्राफिक | २ | ७-२० | ६-१० | ८८ |
| बालबिबाह | ७ | ७-२० | ५-९ | ७४७ |
| बालश्रम | ११ | ७-२० | ६-९ | ६४९ |
| महिला हिंसा | ७ | ७-२० | ७-९ | ५२६ |
| लागु औषध | १५ | ७-२० | ७-१० | १,१९६ |
| साईबर | ५५ | ७-२० | ६-९ | २,७२१ |
| लैङगिक हिंसा | ५७ | ७-२० | ७-९ | ४,२६० |
| यौन दुर्व्यवहार | १० | ७-२० | ७-९ | ४५० |
| मानव बेचबिखन | ८ | ७-२० | ७-९ | ३०७ |
| बोक्सिको आरोप | १ | ७-२० | ७-९ | ४४ |
| बालयौन दुरुपयोग | १ | ७-२० | ५-९ | ३९ |
| बाल हिंसा | ४४ | ७-२० | ७-९ | २,६९७ |
| बहुबिबाह | २ | ७-२० | ७- ९ | २८५ |
| जम्मा | २४१ | - | - | १४,८६७ |



प्र.व.उ.

**१४.नागरिकता, हतियार नवीकरण तथा अन्य कागजातका लागि गरिएको मुचुल्का संख्या: (मुद्दा चलेका प्रकृति वाहेक मात्र)**

| नागरिकता सर्जमिन मुचुल्का संख्या | हतियार नवीकरण मुचुल्का संख्या | अन्य मुचुल्का कागजात | जम्मा |
|---|---|---|---|
| ६३२ | - | १२६ | ७५८ |

**१५.प्रहरी कार्यालयको हटलाईन वा डि.अ. को सम्पर्क नम्बरमा आएको कल संख्या:**

| हटलाईनमा आएको (१००) | संचारमा आएको | ट्राफिक हटलाईन (१०३) | हराएका वालवालिका (१०४) | डि.अ./कन्ट्रोलमा आएका (१०० बाहेक) | जम्मा |
|---|---|---|---|---|---|
| १,२२२ | ११,९५६ | १६७ | १०२ | १,९५४ | १५,४०१ |

**१६.सेवाग्राहीको कुल संख्या: (ना.स.क.मा रहेको रजिष्टरमा दर्ता गरिए अनुसार)**

| महिला | पुरूष | जेष्ठ नागरिक | | वालक | वालिका | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरूष | | | | |
| ६,७६७ | १२,४३६ | ३८७ | ४१५ | २१३ | २३४ | ४ | २०,४५६ |

**ग. अन्य तर्फ:**

**१७.प्रहरी कर्मचारीहरूको मनोवल वृद्धी गर्न गरिएका क्रियाकलापहरू:**

- जि.प्र.का. ओखलढुङ्गाले प्रत्येक हप्ताको शुक्रवार उन्नत तालिम प्राप्त गरी कार्यक्षेत्रमा गएका प्र.क.हरुले प्राप्त गरेको तालिमको बारेमा प्रशिक्षण दिने तथा तालिम प्राप्त गरेका प्र.क. नभएको खण्डमा विभिन्न शाखाहरुको सम्बन्धमा शाखा प्रमुखबाट कार्यरत सम्पूर्ण प्रहरी कर्मचारीहरूलाई प्रशिक्षण गराउने गरिएको,
- जि.प्र.का. खोटाङले २६ जना प्रहरी कर्मचारीहरूलाई "कम्प्युटरमा Microsoft Word र Excel Sheet सम्बन्धी अनुशिक्षण" तालिम प्रदान,
- प्र.ना.नि. धर्मेन्द्र कार्की, प्र.स.नि. नमराज कार्की र प्र.स.ह. टिका राम निरौलालाई कार्य सम्पादन मुल्याङ्कनको आधारमा Best Police of the month घोषणा गरिएको साथै कोशी प्रदेशभर उत्कृष्ट कार्य सम्पादन गर्ने ११० जना प्रहरी कर्मचारीहरूलाई पुरस्कृत गरिएको।
- जि.प्र.का. संखुवासभाले Basic Computer तालिम तर्फ ८ जना र Advance तालिम तर्फ ४ जना गरी जम्मा १२ जना प्रहरी कर्मचारीहरूलाई कम्प्युटर तालिम सञ्चालन गरेको,
- जि.प्र.का. संखुवासभाले १०२ जना प्रकहरूलाई "बल प्रयोगको सिद्धान्त, मानव अधिकार तथा अन्तरराष्ट्रिय मानवीय कानुन सम्बन्धी अनुशिक्षण तालिम" संचालन गरिएको र ३७ जना प्रहरी कर्मचारीलाई साइवर सुरक्षा एवं अनुसन्धान अभिमुखीकरण सम्पन्न गरेको,
- इलाका प्रहरी कार्यालय दिङ्ला भोजपुरको मेषको लागि फ्रिजको व्यवस्थापन गरेको,
- को.प्र.प्र.ता.के. विराटनगरले मंसिर महिनामा जन्मदिन पर्ने सम्पूर्ण प्र.क.हरुलाई मिति २०८२/०८/१४ गते Birth Month Celebration, Tea With Team कार्यक्रम भएको,
- कोशी प्रदेश प्रहरी तालिम केन्द्रमा नवप्रवेशी ४-१४२ औं समूहका प्रशिक्षार्थी प्रहरी जवानहरुलाई सांस्कृतिक कार्यक्रमद्वारा स्वागत कार्यक्रम,
- कोशी प्रदेश प्रहरी तालिम केन्द्रमा कोशी प्रदेश प्रहरी अस्पताल इनरुवा सुनसरी र विराट नर्सिङ होम प्रा. लि. विराटनगर मोरङको सहकार्यमा नि:शुल्क स्वास्थ्य शिविर एवं सचेतनामूलक कार्यक्रम सञ्चालन,

प्र.व.उ.

- कोशी प्रदेश प्रहरी तालिम केन्द्रले उत्कृष्ट कार्य गर्ने १५ जना प्र.क. हरूलाई पुरस्कार वितरण तथा विभिन्न खेलहरुमा विजय प्राप्त गरेका खेलाडीहरूलाई प्रमाणपत्र, सिल्ड, मेडल र नगद पुरस्कार वितरण गरिएको,
- ३० वर्ष सेवा अवधि पुरा गरी अनिवार्य अवकाश भई जानु भएका प्र.नि. ४, प्र.व.ना.नि. १ र प्र.ना.नि. १९ गरी जम्मा २४ जनालाई कार्यरत कार्यालयबाट विशेष कार्यक्रम आयोजना गरी विदाई गरिएको,
- कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरमा दुर्घटनाबाट हुने क्षति न्यूनिकरणको लागि साप्ताहिकरूपमा प्रहरी कर्मचारीहरू अनुशिक्षण दिने गरिएको,
- जि.प्र.का. धनकुटाले प्रहरी कर्मचारीहरूको क्षमता अभिबृद्दी गर्न एक दिवसीय मुचुल्का लेखन अभ्यास गराएको,
- कोशी प्रदेश प्रहरी प्रमुख प्र.ना.म.नि.ज्यूबाट कोशी प्रदेश अन्तर्गत ११ वटा (जि.प्र.का. झापा, मोरङ, सुनसरी, इलाम, पाँचथर, ताप्लेजुङ, कोशी प्रदेश विपद व्यवस्थापन गुल्म चन्द्रगढी, आसरा सुधार केन्द्र पानवारी धरान, अ.प्र.चौ. माथिल्लोफेदी र पर्यटक सहायता प्रहरी डेक्स काफ्लेपाटी ताप्लेजुङ) प्रहरी इकाइहरूको स्थलगत निरीक्षण, अनुगमन तथा कार्यरत प्रहरी कर्मचारीहरूलाई उत्प्रेरणा प्रवद्धन गर्ने उदेश्यले निर्देशन सम्बोधन गर्नु भएको । साथै भर्चुअल माध्यमबाट ३ पटक निर्देशन सम्बोधन गर्नु भएको।

**१८.नवप्रवर्धनात्मक तथा रचनात्मक क्रियाकलापहरू:**

- जि.प्र.का. मोरङमा नागरिकलाई सहजताको लागि Visitor cad  को व्यवस्था गरिएको,
- इलाका प्रहरी कार्यालय सुन्दरपुर उदयपुर र प्रहरी चौकी घुर्मी, जोगिदहको नयाँ भवनको शिलान्यास गरी कार्य थालनी,
- जि.प्र.का. खोटाङले सि.प्र.अ., जु.प्र.अ. ब्यारेक तथा मेस अगाडी ३० मिटर लम्बाइको बाउण्ड्री वाल निर्माण गरेको,
- जि.प्र.का. धनकुटाले क्यान्टिन अगाडी ढलान गर्न बाँकी रहेको अन्दाजी १५० वर्ग मिटर ग्राउन्ड ढलान गरेको,
- जि.प्र.का.धनकुटाले कार्यालय कम्पाउन्ड भित्र हिरासत कक्ष पछाडी नयाँ पोस्ट निर्माण  गरेको,
- प्रहरी चौकी डाँडाबजार धनकुटाका प्र.स.नि. खगेन्द्र श्रेष्ठले स्थानीय तह र स्थानीयहरुसँग सहकार्य गरी कार्यालय प्रमुख कक्षमा सोफा र टि-टेवलको ब्यवस्था गरी कार्यालय कक्षको राम्रो व्यवस्थापन गरेको,
- जि.प्र.का. धनकुटाले धनकुटा नगरपालिका वडा नम्बर ७ स्थित बसपार्कमा २ वटा CCTV क्यामरा जडान गरेको,
- जि.प्र.का. मोरङमा Fire Fighting हेल्मेट-२, लाइफ ज्याकेट २, बाल्टीन १, बेल्चा १, डोरी ५० मि., पन्जा १ जोर, फरुवा १ थान प्राप्त,
- जि.प्र.का. संखुवासभाले १ सेट विपद् खोज तथा उद्धारमा सामाग्री प्राप्त गरेको,
- जि.प्र.का. उदयपुरले ४ थान CCTV मर्मत गरी संचालनमा ल्याएको,
- जि.प्र.का. भोजपुरले सार्वजनिक स्थानमा ३ थान CCTV Camera जडान गरेको,
- जि.प्र.का. भोजपुरले मंसिर १४ गते अस्थायी प्रहरी चौकी दलगाउँको भवन शिलन्यास गरेको,
- जिल्ला प्रहरी कार्यालय भोजपुरमा-२, इप्रका दिल्पामा-२ र अस्थायी प्रहरी पोस्ट हेलौछामा-१ थान गरी जम्मा ५ थान नयाँ Fire Extinguisher व्यवस्था गरिएको,
- अस्थायी प्रहरी पोष्ट हेलौछा भोजपुरमा ५ थान विपद्को सामाग्री व्यवस्थापन गरेको,
- इ.प्र.का. दिङ्लाको पुरानो भवनलाई Renovation गरी बहुउद्देश्यीय हल निर्माण गरेको,
- जि.प्र.का. भोजपुरले ट्राफिक व्यवस्थापनका लागि विभिन्न ९ स्थानमा No Parking वोर्ड राखेको,
- जि.प्र.का. मोरङले ८० थान CCTV मर्मत गरी सञ्चालनमा ल्याएको,
- जि.प्र.का. सुनसरीमा GYM Hall निर्माणको कार्य भइरहेको,
- रोङ गा.पा. र सहरी विकास मन्त्रालयको संयुक्त सहयोगमा रोङ गा.पा. वडा नं. २ मा ४-०-०-० जगगामा अस्थाइ प्रहरी विट बरफल्याण्ड इलामको ३ कोठाको १ तले भवन निर्माण सम्पन्न ।

नेपाल प्रहरी कोशी प्रदेश प्रहरी कार्यालय विराटनगर, मोरङ २०७४

प्र.व.उ.

**१९.सार्वजनिक /नागरिक सुनुवाई कार्यक्रम:**

| आयोजना गरेको स्थान संख्या | सहाभागि संख्या | उठेका सवाल संख्या | सम्बोधन गरिएका सवाल संख्या | सम्बोधन हुन बाँकी सवाल संख्या |
|---|---|---|---|---|
| ४ | २२७ | १७ | १६ | १ |

**२०.सीमान्तकृत, अल्पसंख्यक र पीछडिएका वर्ग लक्षित कार्यक्रम:**

| लक्षित कार्यक्रम शिर्षक | कार्यक्रम संख्या | लाभान्वित संख्या | परिचालित प्रहरी संख्या |
|---|---|---|---|
| अल्पसंख्यक सँग प्रहरी | १४ | २८६ | ३२ |

प्रहरी वरिष्ठ उपरीक्षक
(दिपक पोखरेल)
प्रहरी प्रवक्ता/ सूचना अधिकारी
कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगर